का.जि.प्र.का.द.नं. १००/०५२/६०
१ मंसिर २०८२
सोमबार
17 November 2025
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २७७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

क्रिकेट कुम्भ

सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करण आज सोमबारदेखि कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सुरु हुँदै छ । उद्घाटन खेलमा साबिक विजेता जनकपुर बोल्ट्स र काठमाडौं गोर्खाजबीच दिउँसो ४ बजे भिडन्त हुनेछ । फ्लडलाइटको चमक, विदेशी स्टारहरुको उपस्थिति, कडा प्रतिस्पर्धा र दर्शकको उत्साहसँगै कीर्तिपुर यस महिनाभरि 'क्रिकेट सिटी'मा रुपान्तरण हुने निश्चित देखिएको छ ।

विस्तृत समाचार पृष्ठ ७ मा

तस्बिर : फोटो लाइब्रेरी नेपाल

Siddhartha Bank NPL NEPAL PREMIER LEAGUE Powered by Ncell
आजको खेल
जनकपुर बोल्ट्स VS काठमाडौं गोर्खाज
अपराह्न ४:०० बजे

ओलीलाई रोक्ने ईश्वरको प्रयास

नवौं महाधिवेशनभैं प्यानलगत गृहकार्य

एमालेमा केपी ओलीको विकल्प खोज्नेबेला भएको छैन । मुलुकको परिस्थिति सम्हाल्ने र एमालेलाई देशकै ठुलो पार्टी बनाउने अभियानमा छौं ।

■ **महेश बस्नेत**
पोलिटब्युरो सदस्य

११औं महाधिवेशनमा मेरो प्रतिस्पर्धा रहन्छ । तर कोको मैदानमा हुन्छन् भन्ने कुरा बाँकी नै छ । सबै साथीभाइसँग सल्लाह गरेर नै अघि बढ्छु ।

■ **ईश्वर पोखरेल**
वरिष्ठ उपाध्यक्ष

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ३० कात्तिक

विघटित प्रतिनिधि सभाको दोस्रो ठुलो दल नेकपा एमाले महाधिवेशनमा होमिएको छ । मंसिरको २७-२९ मा काठमाडौंमा हुने ११औं महाधिवेशनको पूर्वतयारीअन्तर्गत महाधिवेशन प्रतिनिधि छनोट अभियानमा एमालेका नेता कार्यकर्ता देशभर सक्रिय छन् ।

महाधिवेशन नजिकिँदै जाँदा एमालेमा आगामी नेतृत्वको बहस सबैभन्दा बढी चर्चामा छ । पूर्वप्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओलीले विधानमा भएको नेतृत्वमा दुई कार्यकाल र ७० वर्षे उमेर हदको व्यवस्था मिल्काइसकेका छन् । आफू तेस्रोपटक नेतृत्वमा आउने अभिप्रायले हटाइएको सो व्यवस्था जोगाउन लागेकाहरू यतिबेला अल्पमतमा छन् । यद्यपि उनीहरूले पार्टीलाई विधि विधान, विचार र पद्धतिअनुसार चलाउनुपर्ने पक्षमा निरन्तर लागिरहने बताउँदै आएका छन् । एमालेभित्र पछिल्लो समय पार्टी अध्यक्ष केपी ओली र पूर्वउपाध्यक्षसमेत रहेकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीचको टसल उत्कर्षमा पुगेको छ ।

पार्टीको महाधिवेशन नजिकिँदै जाँदा आआफ्नो समूह बलियो बनाउन नेताहरू लागिपरेका छन् । अध्यक्ष ओलीले शंकर पोखरेल, विष्णु पौडेल, प्रदीप ज्ञवाली महेश बस्नेत, रामकुमारी झाँक्रीलगायत नेतालाई समेटेर बलियो पृष्ठ २ मा

प्रेस विज्ञप्ति

यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन आफ्नो स्थापनकालदेखि नै वैदेशिक रोजगार व्यवसायी तथा कामदारका हकहितप्रति गम्भीर रहेको व्यहोरा सबैमा विदितै छ । यसै सन्दर्भमा नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मुलुक संयुक्त अरब इमिरेट्स (युएई) मा नेपाली कामदारको भिसा जारी नभएको दुई महिनाभन्दा लामो समय भएको र युएईस्थित नेपाली राजदूतावासका तर्फबाट समस्या समाधानका लागि उचित पहल नभएको विषयमा यस एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । गत वर्ष वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर १ लाख ७६ हजार नेपाली रोजगारीका लागि गएको युएई नेपालको भरपर्दो र विश्वसनीय श्रम गन्तव्य मुलुक हो । युएईको रोजगार भिसा प्रक्रियामा देखिएका समस्या समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, पररराष्ट्र मन्त्रालय, नेपाली दूतावास र युएई सरकारका बीच समन्वय भइरहेको बताइएपनि भिजिट भिसा खुल्दा कामदार भिसाको समस्या समाधान हुन सकिरहेको छैन । भिजिट भिसा सहज भएको र कामदार भिसा रोकिएको अहिलेको अवस्थाले युएईस्थित नेपाली राजदूतावास सार्थक कूटनीतिक पहल नगरी उदासीन बसेको प्रष्ट भएको छ । युएईमा कामदारको भिसामा प्रतिबन्ध यथावत् रहे नेपाली युवायुवती असुरक्षित रूपमा जाने खतरा बढ्ने अवस्थाप्रति पनि यस एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । अर्कोतर्फ नेपाली कामदार वैधानिक रूपमा जाने बाटो अवरुद्ध भइरहे उक्त मुलुकले नेपाली कामदारको सट्टामा नयाँ स्रोत मुलुक खोज्ने र नेपालीको रोजगारीको अवसर र राष्ट्रले पाइरहेको ठुलो अंकको रेमिट्यान्स पनि गुम्ने खतरा छ । नेपाली कामदारलाई रोजगारी प्राप्ति हुने विषयमा दूताावासका तर्फबाट ठोस पहल गरेको नदेखिनु गम्भीर चिन्ताको विषय हो । नेपाली कामदारको भिसा खुलाउन सार्थक पहलकदमी र अग्रसरता लिन राजदूतावासलाई तत्कालै उचित निर्देशन दिन पररराष्ट्र मन्त्रालयको समेत गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं । यसका साथै विगत २८ महिनादेखि युरोपेली मुलुकहरूको मागपत्र प्रमाणीकरण प्रक्रिया अवरुद्ध हुँदा मानव तस्करी बढेको र नेपालीले पाउने आकर्षक तलबसहितको रोजगारी गुमेकाले त्यसका लागि पनि उचित पहल गर्न पररराष्ट्र मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

तुलसी पुरी
कार्यवाहक महासचिव
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१-४५६६४२८, ईमेल: ndfeefforum@gmail.com

वैदेशिक रोजगार विशेष

'युएईको कामदार भिसा नखुल्नु दूतावासको कमजोरी'

मध्यान्ह संवाददाता
काठमाडौं, ३० कात्तिक

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले संयुक्त अरब इमिरेट्स (युएई)मा रहेको नेपाली दूतावासले नेपाली कामदारको भिसा खुला गर्ने विषयमा उचित पहल गर्नुपर्ने माग गरेको छ ।

एसोसिएसनका कार्यवाहक महासचिव तुलसी पुरीले आइतबार एक पृष्ठ २ मा

रिंगेट चार वर्षयताकै उच्च विन्दुमा

काठमाडौं/मस- मलेसियाली रिंगेट चार वर्षको अवधिमा उच्च विन्दुमा पुगेको छ । मलेसिया सरकारले विश्वव्यापी व्यापार तनाव कम गर्दै आर्थिक गतिलाई सुदृढ पारेपछि मलेसियन मुद्रा वर्ष एसियाको सबैभन्दा राम्रो प्रदर्शन गर्ने मुद्राका पृष्ठ २ मा

मतदाता नामावलीमा नाम दर्ता सहजीकरण गर्न प्रवासीको माग

अन्जान गुभाजु/मध्यान्ह
साउदी अरेबिया, ३० कात्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवास नेपाली सम्पर्क समिति, रियाद, साउदी अरबले राष्ट्रिय पृष्ठ २ मा

Vacancy Announcement

One of the reputed recruitment agency is seeking for competent, smart, energetic and aspiring individual to fulfill the following position.

Attractive Salary

Position : Accountant - 1 (Male/ Female)
Qualification : Bachelors Degree.
Position : Receptionist - 2 Female
Qualification :10+2 Passed.

Requirements : Minimum 2 Years of Experienced in Related Field.

Interested candidates are requested to sent their application along with updated CV to officeadmin@almoonmanpower.com

AL-MOON OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ९९२/०६८/०६१
Tokha-5, Basundhara, Kathmandu, Nepal.
Phone:01-4989718, 4989719. Mobile:; 9801145286/9801138824.

ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL ADRAK TRADING AND CONTRACTING LLC
पूर्व स्वीकृत मिति: २०८२/०५/०३ | चलानी नं.: ६०७४३३७८ | L.T. No.: 329556 | शहर: MUSCAT | पुन विज्ञापन

सि. नं.	कामदारको पद	मात संख्या पुरुष	मात संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब रु. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	सप्ताहमा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Mason General	73	0	सम्बन्धित कामका दक्ष	120	४४,१६६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Reinforcing Fitter	28	0		120	४४,१६६							
3.	Wiring Electrician General	8	0		120	४४,१६६							

अन्तर्वार्ता बुटवल मल्टिपल ट्रेनिङ सेन्टर जाइकुटीमा २०८२ मंसिर ८ गते (24 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता गजराज ट्रेनिङ सेन्टर नेपालगंजमा २०८२ मंसिर ९ गते (25 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता न्यू रामकाजी ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ मंसिर १० गते (26 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता श्रीराम जानकी ट्रेनिङ सेन्टर बर्दिबास, महोत्तरीमा २०८२ मंसिर ११ गते (27 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता मारुती ट्रेनिङ सेन्टर सलाहीमा २०८२ मंसिर ११ गते (27 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर इटहरिमा २०८२ मंसिर १२ गते (28 November 2025) मा हुनेछ ।

स्वदेशमा सबै मेडिकलको शुल्क बापत्ते व्यहोर्ने र बसि लाग्ने	विदेशमा सबै मेडिकलको खर्च बापत्ते व्यहोर्ने	स्वदेशमा सरिने स्थाई जीवन बिमा बापत्ते व्यहोर्ने/बसि लाग्ने	रोजगारदाता बिमा हुने/नहुने र प्रिमियम बापत्ते तिर्ने	कामदारलाई हवाई टिकट बापत्ते दिने र बसि लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क बापत्ते व्यहोर्ने	भिसा स्टाम्पपेपर शुल्क बापत्ते व्यहोर्ने	अभिमुखीकरण शुल्क बापत्ते बसि लाग्ने र बापत्ते व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क बापत्ते बसि लाग्ने र बापत्ते व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८२ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,३०० कामदारले	रु. १०,००० कामदारले

वैदेशिक रोजगार विभागबाट लाइसेन्स प्राप्तकर्ता कम्पनी । १. आफ्नो नामना भिसा प्राप्त भइसकेपछि निजबाट भइएपछि मात्र रकम बुझ्नुपर्छ होला । २. आफ्नो काम गर्न आफै मुलुकमा गएको कामदार भन्दा कम रकम बुझ्नुपर्छ होला । ३. आफ्नो कामदार पठाई सम्बन्धी मौजर अभिलेखमा चढाई सकेपछि मात्र रकम बुझ्नुपर्छ होला । ४. विदेश जाने अघि अभिमुखीकरण मा उपस्थित भएको भन्दा बढी रकम बुझ्नुपर्छ होला । ५. विदेश जाने अघि अभिमुखीकरण मा उपस्थित नभएमा अभिमुखीकरण मा उपस्थित भएको भन्दा बढी रकम बुझ्नुपर्छ होला । ६. कामदारले विदेश जाँदा नेपालको विमानस्थल प्रयोग गर्नु होला, अन्यथा हवाई सम्बन्धमा थप खेही बुझ्नुपर्ने होला । ७. थप विवरणका लागि कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्नु होला ।

Bridge Sky International Pvt. Ltd. Gov Lic No: 573/062/063
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाइल : ९८०१०३०५५५ फोन नं. ४४५३३३२१, ४४५४४७१, ४४५६३६१, फ्याक्स: ४४६५३५५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

ओलीलाई...

टिम बनाउने योजनामा रहेको उनीनिकट स्रोतको दावी छ । ओली अध्यक्ष हुँदा उपाध्यक्षमा शंकर पोखरेल र विष्णु पौडेल महासचिव प्रदीप ज्ञवाली, सचिवमा महेश बस्नेत र भर्खरै नेकपा एसबाट प्रवेश गरेकी नेतृ रामकुमारी झाँक्रीलाई ल्याउने तयारी देखिन्छ । ओलीलाई काउन्टर दिन विद्या भण्डारीकै मुख्य सहयोगमा अध्यक्ष बन्न लागेका ईश्वर पोखरेलले टिममा अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकर्ण विष्ट, कर्णबहादुर थापालगायत नेताहरूलाई समेटेर टिम बनाउने तयारीमा छन् । यस विषयमा छलफल चलिरहेकाले को कहाँ बस्ने भन्ने निर्क्यौल भई नसकेको सो समूहका एक नेताले बताए ।

ओलीका सबैभन्दा नजिक मानिएकी विद्याले पार्टी नेतृत्व नै ताकेपछि ओली र उनको समूहले भण्डारीको सदस्यता नै खाइदिएका छन् । पार्टीको बहुमत निर्णयबाटै भण्डारीको संगठित सदस्यता रोकिएपछि उनी ११औं महाधिवेशनमा प्रतिनिधिसमेत हुनबाट वञ्चित परेकी छन् । अध्यक्ष नै हुने योजनासहित पार्टीको सक्रिय राजनीतिमा फर्किएकी भण्डारीले सदस्यता नपाए पनि ओलीविरुद्ध ठुलै खेल खेल्ने तयारीमा रहेको उनीनिकटका नेता बताउँछन् । भण्डारीले ११औं महाधिवेशनमा सर्वसम्मत अध्यक्ष बन्ने चाहना राखेका ओलीलाई प्रतिस्पर्धाको मैदानमा भने ल्याउने पक्का छ । एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले पार्टीलाई नीतिगत रूपमा सबल बनाएर जनतामाझ जानेकुरामा आफ्नो लडाइँ अन्तिमसम्म रहने बताए । उनी भण्डारीकै मुख्य सहयोगमा पार्टी अध्यक्षमा उम्मेदवारी दिने पक्का भएको छ ।

'एमालेलाई वैचारिक ढंगले सशक्त बनाउनुपर्नेछ,' उनले भने, 'त्यसका लागि ११औं महाधिवेशनमा मेरो प्रतिस्पर्धा रहन्छ । तर कोको मैदानमा हुन्छन् ? भन्ने कुरा बाँकी नै छ । सबै साथीसँग सल्लाह गरेर नै अघि बढ्छु ।' भण्डारीको सहयोगमा अलगै समूह बनाएर प्रतिस्पर्धा गर्ने तयारी गरेका पोखरेलले नीति र नेतृत्वमा परिमार्जन गर्ने बहसमा पार्टी पंक्तिलाई एकाकार हुन आग्रह गरेका छन् । उनले पूर्वराष्ट्रपति भण्डारीसहित उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सचिवद्वय गोकर्ण विष्ट, योगेश भट्टराईलगायत पदाधिकारी, स्थायी समिति, केन्द्रीय कमिटी सदस्य, पार्टीको नीतिमा प्रभाव पार्न सक्ने व्यक्तित्वलगायतसँग आन्तरिक छलफल गरेका थिए । पोखरेलले यस्तो अभियान चलाउँदै गर्दा अध्यक्ष ओलीले 'आफ्नो प्रतिस्पर्धामा आउने जोकोही भए पनि झाप्पु दिने' बताएका थिए । दुई साताअघि राजधानीमा आयोजित एक कार्यक्रममार्फत अध्यक्ष ओलीले आफूलाई नेतृत्वबाट हटाउन कोही आए 'झप्पु खाने' चेतावनी दिँदै भनेका थिए, 'बाघिनी चुप लागेको छ भनेर उसको डमरु चलाउन थाल्यो भने बाघिनीले यस्तो दिन्छ नि झप्पु । 'म पनि चुपै लागेर बसेको हुन्छु, उदार हुन्छु, नरम हुन्छु । पार्टीतिर सिध्याउन खोज्यो, पार्टी निचोर्न खोज्यो भने झप्पु दिन्छु ।'

तर भण्डारी समूहले गत भदौमा भएको विधान महाधिवेशनबाट पारित दस्तावेजमा पुनः छलफल, पुनः अनुमोदन गर्न दबाब बढाउने योजनामा छन् । आफूलाई निर्विकल्प सर्वसम्मत अध्यक्षका रूपमा प्रस्तुत गर्दै राष्ट्रिय महाधिवेशनमा नेतृत्व निर्माणबाहेक कुनै पनि विषयमा छलफल हुन नसक्ने सन्देश दिएको ओलीको अभिव्यक्तिप्रति इतर समूहका नेता थप आक्रोशित बनेका छन् । यसअघि जेनजी आन्दोलनमा मुलुक बलिरहेकै बेला पार्टी उपाध्यक्ष सुरेन्द्र पाण्डेले केपी ओलीले प्रधानमन्त्री र पार्टी अध्यक्ष दुवैबाट राजीनामा दिनुपर्ने बताएका थिए । अहिले पनि उनी ओलीको कार्यशैलीप्रति असन्तुष्ट छन् । 'महाधिवेशन केवल नेतृत्व परिवर्तन मात्रै होइन, विगतको समीक्षा, भावी नीति निर्माण र नेतृत्व चयनसहितको बहस आवश्यक छ,' पाण्डेले भने । तत्कालीन नेकपाभित्रको अन्तरसंघर्षमा माधव नेपाल र पुष्पकमल दाहाल 'प्रचण्ड'को पक्षमा उभिएका नेता अहिले पनि ओलीको विपक्षमा छन् ।

नेकपा विभाजन भएर माओवादी र एमाले पूर्ववत् अवस्थामा फर्किएपछि '१० भाइ' समूह माधव नेपाल समूहमा थिए । नेताहरू भीम रावल, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकर्ण विष्ट, घनश्याम भुषाल, भीम आचार्य, अमृत बोहोरा र रघुजी पन्त अन्ततः नेपालले दर्ता गरेको नेकपा एसमा नगई एमालेमै थिए । पछि भीम घनश्याम भुसाल नेकपा एसमा जाँदा भीम रावलको सदस्यतासमेत गुमाएर पार्टीबाहिर बसेका थिए । उनी अहिले प्रचण्ड नेतृत्वको नेकपामा समाहित भइसकेका छन् । बाँकी आठ जना नेता ओलीको विकल्पमा नयाँ नेतृत्व खोजी गर्नुपर्ने पक्षमा छन् ।

महाधिवेशन प्रतिनिधि छनोट भइरहँदा अध्यक्ष ओली पक्षका नेता कार्यकर्तालेवडादेखि प्रतिनिधि कब्जाको रणनीति अपनाएका छन् । त्यस्तै, केन्द्रीय समिति, जनवर्गीय संगठन र विभिन्न घटकबाट छानिएका प्रतिनिधि अधिकांश ओली पक्षकै रहेको नेताहरूले दावी गरेका छन् । ओलीलाई काउन्टर दिने तयारी गरेका विद्या-ईश्वर र सुरेन्द्र पाण्डेसहितका नेताहरूले प्रतिनिधि छनोटमा खासै माहोल तताउन सकेका छैनन् । ओलीले इतर समूहमा रहेका नेताहरूको गतिविधिलाई नियमित निगरानी राखेर विस्तारै पाखा लगाउने रणनीति लिएका छन् ।

पार्टी सचिव गोकर्ण विष्टले विकसित घटनापछि नीति र नेतृत्व दुवैमा पुनर्गठन अनिवार्य भएकाले मुद्दामा सहमति नबने आन्तरिक प्रतिस्पर्धा हुने बताउँछन् । 'भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनपछिको विकसित राजनीतिक घटनाक्रमले यथास्थितिबाट पार्टी र देश चल्दैन भन्ने कुरामा हामी सहमत छौं,' विष्टले भने । आगामी महाधिवेशनमा प्रतिस्पर्धाबाटै नेतृत्व चयन हुनेमा उनी विश्वस्त छन् । तर ओलीका निकटस्थहरूले उनको विकल्प देखेका छैनन् ।

ओलीलाई गुन्डु ल्याएर सुरक्षा दिएका एमाले नेता महेश बस्नेतले एमालेमा अहिले नै ओलीको विकल्प खोज्नेबेला नभएको बताए । उनले भने, 'अहिले एमालेभित्र कमरेड केपी ओलीको विकल्पै छैन । ११औं महाधिवेशनमा उहाँ नै अध्यक्ष भएर मुलुकको परिस्थितिलाई सम्हाल्ने र एमालेलाई देशकै ठुलो पार्टी बनाउने अभियानमा एमाले एकताबद्ध छ ।' जेनजीलगायत विभिन्न विचार समूहहरूका मागहरूलाई संसद्मार्फत सम्बोधन गर्न ओलीकै नेतृत्व आवश्यक भएको उनको दाबी छ ।

अध्यक्ष ओलीले अध्यक्ष हुनेमा विश्वस्त छन् । महाधिवेशनमा आफ्नो सम्बोधन सकिएपछि महाधिवेशन नै सकिनेगरी तयारी गरेको समेत सार्वजनिक भिडियो आइरहेका छन् । 'समय परिस्थितिअनुसार पार्टीका केही व्यक्तिहरूले महाधिवेश, महाधिवेशन भनेकाले मात्रै मैले समयअघि नै महाधिवेशन गर्न लागेको हुँ । यसमा धेरै कुरा केही हुन्नन् मेरो सम्बोधनपछि सिधै नेतृत्व चयनतिर जाने र छोटकरीमा महाधिवेशन सक्ने हो । लामो गर्न समय छैन,' उनले भनेका थिए ।

युएईको...

विज्ञप्ति जारी गर्दै नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मुलुक युएईमा नेपाली कामदारको भिसा जारी नभएको दुई महिनाभन्दा लामो समय भएको भएपनि युएईस्थित नेपाली राजदूतावासका तर्फबाट समस्या समाधानका लागि उचित पहल नभएको बताएका छन् ।

उनले गत वर्ष वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर १ लाख ७६ हजार नेपाली युवायुवती रोजगारीका लागि गएको युएई नेपालको भरपर्दो र विश्वसनीय श्रम गन्तव्य मुलुक भन्दै उक्त मुलुकको रोजगारी तत्कालै सुचारु नभएको अवस्थामा रोजगारदाताले नेपाली कामदारको सट्टामा अन्य मुलुकका कामदार प्रयोग गर्न सक्ने खतरा रहेको पनि बताएका छन् । युएईको रोजगार भिसा प्रक्रियामा देखिएका समस्या समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, पररा‍ष्ट्र मन्त्रालय, नेपाली दूतावास र युएई सरकारका बीच समन्वय भइरहेको बताइए पनि भिजिट भिसा खुल्दा कामदार भिसाको समस्या समाधान हुन नसक्नु नेपाली राजदूतावासको कूटनैतिक पहलकदमीको कमजोरी जिम्मेवार रहेको पनि विज्ञप्तिमा उल्लेख छ । एसोसिएसनले नेपाली कामदारको भिसा खुलाउन सार्थक पहलकदमी र अग्रसरता लिन राजदूतावासलाई पररा‍ष्ट्र मन्त्रालयले तत्कालै उचित निर्देशन दिन जरुरी रहेको भन्दै पररा‍ष्ट्र मन्त्रालयको समेत ध्यानाकर्षण गराएको छ । त्यसैगरी एसोसिएसनले विगत २८ महिनादेखि युरोपेली मुलुकहरूको मागपत्र प्रमाणीकरण प्रक्रिया अवरुद्ध हुँदा मानव तस्करी बढेको र नेपालीले पाउने आकर्षक तलबसहितको रोजगारी गुमेको भन्दै त्यसका लागि पनि उचित पहल गर्न पररा‍ष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराएको छ ।

रिगेट...

रूपमा रहेको छ । विदेशी लगानीकर्ताहरूले यस वर्ष लगभग ४ अर्ब डलरको मलेसियाली बन्ड खरिद गरेका छन् । यसले मलेसियन मुद्रालाई थप बलियो बनाउने विश्लेषण गरिएको छ । आइतबार मलेसियन एक रिंगेट बराबर ३४ रूपैयाँ ४३ पैसा पुगेको छ । मलेसियन रिंगेटको मूल्य वृद्धिले त्यहाँ कार्यरत नेपाली कामदारको आम्दानीमा मासिक करिब ५ हजार रुपैयाँ वृद्धि भएको आंकलन छ । मलेसियाको निर्यात-सञ्चालित अर्थतन्त्रले विश्वव्यापी मागमा भएको सुधारबाट लाभ उठाइरहेको र तेस्रो त्रैमासिकमा थप वृद्धिको अपेक्षा गरिएको छ ।

मतदाता...

परिचयपत्रका आधारमा राजदूतावासबाट मतदाता नामावलीमा नाम दर्ता गर्न सहजीकरण गर्न माग गरेको छ ।

समिति प्रमुख मनिष लामाले नेपाली दूतावास साउदी अरब, रियादलाई पत्र लेखेर मतदाता नामावलीमा नाम दर्ता गराउन सहजीकरणका लागि आग्रह गरेका हुन् ।

समितिले नेपाल सरकारद्वारा हाल सञ्चालन भइरहेको मतदाता नामावलीमा नाम दर्ता गर्ने क्रममा बायोमेट्रिक दिनेलगायतका प्राविधिक समस्याले निर्धारित मितिमा सबैले मतदाता नामावलीमा नाम दर्ता गराउन सम्भव नदेखिएको भन्दै साउदी अरेबियामा रहेका योग्यता पुगेक नेपालीलाई राष्ट्रिय परिचयपत्रका आधारमा मतदाता नामावलीमा नाम दर्ता गर्न सहजीकरण गरिदिन आग्रह गरिएको बताएको छ ।

कलैयाका पूर्वनिमित्त डिभिजन प्रमुखसहित चार जनाविरुद्ध मुद्दा दायर

काठमाडौं/मस- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डिभिजन नं ४ कलैया, बाराका तत्कालीन निमित्त डिभिजन प्रमुख किशोरीप्रसाद यादवसहित चार जना विरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ । बारामा आर्थिक वर्ष २०७९/८० का विभिन्न निर्माण कार्यका लागि आह्वान गरिएका २३ वटा बोलपत्रको सूचना सार्वजनिक खरिद ऐनअनुसार राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्नुपर्नेमा सो नगरी मिलेमतोमा ठेक्का प्रक्रिया अघि बढाइएको उजुरीपछि आयोगले अनुसन्धान गरेको थियो । अनुसन्धानका क्रममा उक्त डिभिजनका तत्कालीन निमित्त डिभिजन प्रमुख यादव, लेखापाल प्रदिप दास तथा सान्दर्भिक मिडिया नेटवर्क प्रालिका प्रबन्धक निसान्त सिग्देल र प्रभाव दैनिकका बजार प्रबन्धक सन्तोषराज खरेलले गैरकानुनी कार्य गरेको भेटिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले बताए ।

जयन्द्रलाई विशेष नागरिक अभिनेता अवार्ड

काठमाडौं/मस- अन्तर्राष्ट्रिय कलाकारको परिचय बनाएका नयाँ पुस्ताका कलाकार जयन्द्र चिलुवालले यस वर्षको 'विशेष नागरिक अभिनेता अवार्ड-२०८२' प्राप्त गरेका छन् ।

'सामाजिक रूपान्तरणका लागि नागरिक समाज'को १९औं वार्षिकोत्सव तथा पाँचौ विशेष नागरिक अवार्ड एवं स्रष्टा सम्मान-२०८२ को अवसरमा उनले उक्त अवार्ड पाएका हुन् ।

हाल जयन्द्र अमेरिकामा रहेकाले उनको अवार्ड तथा प्रमाणपत्र दाई जोनस शर्मा चिलुवालले बुझेका छन् । काठमाडौंको चावहिलस्थित चलचित्र विकास बोर्डको सभाहलमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि तथा विघटित प्रतिनिधि सभाका उपसभामुख इन्दिरा राना, कार्यक्रमका सभाध्यक्ष तथा आयोजक संस्थाका अध्यक्ष यामबहादुर जिसी, विशेष अतिथि एवं शिक्षाविद् प्राडा चिरञ्जिवी शर्मालगायतले संयुक्त रूपमा अवार्ड सहित प्रमाणपत्र प्रदान गरेका हुन् ।

'सामाजिक रुपान्तरणका लागि नागरिक समाजको १९औं वार्षिकोत्सवको अवसरमा राष्ट्रव्यापीरुपमा आयोजना गरिएको प्रतिष्पर्धात्मक प्रतियोगितमा तपाईलाई लामो समयदेखि हालसम्म पनि कला क्षेत्रमा विशेष गरी अभिनयमार्फत आफ्नो कुशल कर्ममा क्रियाशील रहनु भएकोले अभिनय क्षेत्रमा स्वतन्त्र, निष्पक्ष र पारदर्शि निर्णायक समितिको निर्णय अनुसार पाँचौ विशेष नागरिक अभिनेता अवार्ड-२०८२ प्रदान गरिएको छ' निर्णायकहरू डा.मनोरदिन सैयद, अभिनेत्री पनाह अधिकारी, वरिष्ठ सञ्चारकर्मी शंकर रोक्का, चलचित्र निर्देशक रुशिल अमात्य र टेलिचलचित्र निर्देशक दिवाकर भण्डारीद्वारा हस्ताक्षरित जयन्द्रलाई प्रदान गरिएको प्रमाणपत्रमा भनिएको छ-'सामाजिक रुपान्तरणका लागि आफ्नो क्षेत्रबाट पुर्‍याएको अमूल्य योगदानको हामी उच्च कदर गर्दै उत्तरोत्तर प्रगतिसहित उज्ज्वल भविष्यको कामना गर्दछौं ।'

हुन पनि जयन्द्र राष्ट्रिय-अन्तर राष्ट्रिय रुपमा कला र मनोरञ्जनको क्षेत्रमा चम्किदैगएको नाम हो । नेपालमा सानैदेखि अनि अमेरिकामा विगत करिब एक दशकदेखि कलाकारिता जगत्मा पाइला अघि बढाइरहेका उनले हाल लोकप्रिय कलाकारको छवी बनाइसकेका छन् । कलाकारहरूको अपार भिडमा अभिनयको पृथक स्वाद चखाउन माहिर जयन्द्र यतिबेला अमेरिकको थिएटर, टेलिभिजन, टेलिचलचित्र तथा चलचित्र आदिमा सर्वत्र छाइरहेका छन् । उनीद्वारा अभिनित पछिल्लो विज्ञापन निकै चर्चित छ ।

अर्नमा गाउँपालिका
Arnama Rural Municipality
गाउँ कार्यापालिकाको कार्यालय
Office of the Rural Municipal Executive
अर्नमा, सिरहा (Arnama, Siraha)
मधेश प्रदेश, नेपाल (Madhesh Province, Nepal)

ठेक्का सम्झौता किन अन्त्य नगर्ने बारे अत्यन्त जरुरी सूचना

सूचना प्रकाशन मितिः २०८२/०८/०१

यस कार्यालय अन्तर्गत तपशील बमोजिमका ठेक्का कार्यको प्रगति सन्तोषजनक नरहेको तथा लामो समय व्यतित हुँदा पनि निर्माण कार्यमा सन्तोषप्रद सुधार नभएको सन्दर्भमा पटक पटक मौखिक एवं लिखित ताकेता गरेकोमा तहाँबाट पेश भएको संशोधित कार्यतालिका अनुसार साढे न्यून/शुन्य प्रगति रहेको र कार्य सम्पन्न गर्ने तर्फ निर्माण व्यवसायी अग्रसर भएको नदेखिएकोले उक्त ठेक्का किन अन्त्य नगर्ने ? यस सम्बन्धमा ठोस कारण तथा प्रमाण सहित १५ (पन्ध्र) दिनभित्र ठेक्कासँग सम्बन्धित निर्माण व्यवसायी आफैं वा निजको आधिकारिक प्रतिनिधि मार्फत यस कार्यालयमा उपस्थित भई औचित्य सहितको स्पष्ट चितबुझदो लिखित जवाफ पेश गर्नुहुन अनुरोध छ । अन्यथा ठेक्का सम्झौताका शर्तहरु र सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ अनुसार तथा प्रचलित ऐन कानुन बमोजिम ठेक्का अन्त्य गर्ने तर्फ आवश्यक प्रकृया अगाडी बढाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपशिल

क्र. सं.	ठेक्का नं.	ठेक्का विवरण	निर्माण व्यवसायीको नाम
१.	05/WORKS/ARNMUN/NCB/2077-78	Construction of Arnama Rural Municipality Office Building	CM/BBB/BNS-JV Ramnagar-7, Siraha

प्रमुख प्रशासकीय अधिकृत

महानिर्देशक भट्टराईलाई मातृशोक

काठमाडौं/मस- वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईलाई मातृशोक परेको छ । महानिर्देशक भट्टराईकी ९७ वर्षीया आमा मधुमाया भट्टराईको आइतबार काठमाडौंमा निधन भएको हो । स्व. भट्टराईको आइतबार साँझ धार्मिक विधिअनुसार पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ । स्व. भट्टराईका १ छोरी र ४ छोरा रहेका छन् ।

Malikarjun Rural Municipality
Office of the Rural Municipal Executive
Shankarpur, Darchula
Sudoorpashchim Province, Nepal

Invitation for Bids

Date of publication: 2082/08/01

Malikarjun Rural Municipality, Shankarpur, Darchula invites electronic bids from Nepalese eligible bidders for the following contracts under National Competitive Bidding Procedures.

S. No.	Contact ID.	Name Of The Project	Estimated Amount (Including VAT) (NRs)	Bid Security Amount (NRs)	Price Of Bidding Document (NRs)	Validity period of the bid	Validity Period of Bid Security
1.	MRM/NCB/06-2082/083	Service Quality Improvement Program for Educational Development in Malikarjun Rural Municipality	1,99,96,624.30 /-	5,00,000/-	3,000 /-	90 days	120 days
2	MRM/NCB/07-2082/083	School Infrastructure Improvement Program for Quality Education	32,79,210.98/-	90,000/-	3,000 /-	90 days	120 days

1. Eligible bidders may obtain further information from Malikarjun Rural Municipality, Shankarpur, Darchula or visit PPMO website www.bolpatra.gov.np/egp
2. All the rights as to whether to accept or reject the bids partially or fully without assigning any reason, whatsoever are reserved to the Office of Malikarjun Rural Municipality. Conditional bids are not allowed.

जापानमा रोजगार

पूर्व स्विकृती मिति : 2025/11/13, लट नं.: 333630, चलानी नं.: 60247345
कम्पनिको नाम र ठेगाना : Career Bank Vocational Training Association, Sapporo Hokkaido, Japan

SN	कामदारको पद	माग संख्या	मासिक तलब		न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Raw Food Processed Product Manufacturing	२४ जना महिला	186,333 YEN	170,589 NPR	सम्बन्धित कामना दक्ष	कम्पनी नियम अनुसार	८ घण्टा	५ दिन	कम्पनी नियम अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा मरिने पि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने	स्वदेशमा लाग्ने बिमा खर्च कसले व्योर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले व्योर्ने	हवाई टिकट कसले दिने, कति लाग्ने	निषा शुल्क कसले दिने र कति लाग्ने	अनिमुस्किकरण शुल्क कति लाग्ने र कसले व्योर्ने	प्रबर्द्धन शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने, रोजगारदाताले	नि:शुल्क	नि:शुल्क	कामदार आफै	नि:शुल्क

पूर्व स्विकृती मिति : 2025/11/12, लट नं.: 333629, चलानी नं.: 60247345 कम्पनिको नाम र ठेगाना : Career Bank Vocational Training Association, Hokkaido, Japan

SN	कामदारको पद	माग संख्या	मासिक तलब		न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Raw Food Processed Product Manufacturing	१२ जना महिला	186,329 YEN	170,585 NPR	सम्बन्धित कामना दक्ष	कम्पनी नियम अनुसार	६ घण्टा ३० मिनेट	६ दिन	कम्पनी नियम अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा मरिने पि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने	स्वदेशमा लाग्ने बिमा खर्च कसले व्योर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले व्योर्ने	हवाई टिकट कसले दिने, कति लाग्ने	निषा शुल्क कसले दिने र कति लाग्ने	अनिमुस्किकरण शुल्क कति लाग्ने र कसले व्योर्ने	प्रबर्द्धन शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने, रोजगारदाताले	नि:शुल्क	नि:शुल्क	कामदार आफै	नि:शुल्क

पूर्व स्विकृती मिति : 2025/11/10, लट नं.: 333492, चलानी नं.: 60247279 कम्पनिको नाम र ठेगाना : Mirai Plus Corporative, Osaka, Japan

SN	कामदारको पद	माग संख्या	मासिक तलब		न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Industrial Packaging	२ जना पुरूष	182,347 YEN	168620 NPR	सम्बन्धित कामना दक्ष	कम्पनी नियम अनुसार	७ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा मरिने पि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने	स्वदेशमा लाग्ने बिमा खर्च कसले व्योर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले व्योर्ने	हवाई टिकट कसले दिने, कति लाग्ने	निषा शुल्क कसले दिने र कति लाग्ने	अनिमुस्किकरण शुल्क कति लाग्ने र कसले व्योर्ने	प्रबर्द्धन शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने, रोजगारदाताले	नि:शुल्क	नि:शुल्क	कामदार आफै	नि:शुल्क

कम्पनिको नाम : Butsuryu Logic Cooperative, कम्पनिको ठेगाना : Hyogo-ken, 660-0861, Japan
पूर्व स्विकृती मिति : 2025/08/13 (पुन:पूर्व स्विकृती मिति : 2025/11/16), लट नं.: 329191, चलानी नं.: 60243002

SN	कामदारको पद	माग संख्या	मासिक तलब		न्युनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	INDUSTRIAL PACKAGING	पुरुष २ जना	177963 Yen	168602 NRS	सम्बन्धित कामना दक्ष	कम्पनी नियम अनुसार	७ घण्टा	५ दिन	कम्पनी नियम अनुसार	छ	छ	३ वर्ष
2	INDUSTRIAL PACKAGING	महिला १ जना	177963 Yen	168602 NRS	सम्बन्धित कामना दक्ष	कम्पनी नियम अनुसार	७ घण्टा	५ दिन	कम्पनी नियम अनुसार	छ	छ	३ वर्ष

स्वदेशमा मरिने पि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने	स्वदेशमा लाग्ने बिमा खर्च कसले व्योर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले व्योर्ने	हवाई टिकट कसले दिने, कति लाग्ने	निषा शुल्क कसले दिने र कति लाग्ने	अनिमुस्किकरण शुल्क कति लाग्ने र कसले व्योर्ने	प्रबर्द्धन शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने, रोजगारदाताले	नि:शुल्क	नि:शुल्क	कामदार आफै	नि:शुल्क

- कम्पनिको प्रतिनीधिबाट प्रि-अन्तर्वार्ता यस प्रा. लि. मा धमाधम भइरहेकोछ, फाइनल अन्तर्वार्ता कम्पनिको प्रतिनीधिबाट यहि मिति २०८२/०८/०८ गते यस प्रा. लि. मा हुनेछ ।
- अन्तर्वाताको लागि जापानिज भाषा अनिवार्य बोल्न सक्ने हुनुपर्नेछ ।
- जापानिज भाषा नपेढेकाहरूलाई भाषा पढाएर पठाउने व्यवस्था पनि छ ।

GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL
LIC NO.: 17/047/048

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भाएपछि मात्र कम्पनिमै गई रकम बुझाउन होला । बुझाएको रकमको औचर अनिवार्य लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सापमा राख्नुहोला । आफ् कुठैगाइमा पैसा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (तस्बिरमा उल्लेख भाएकै भन्दा बढि रकम असुलेको पाइएमा कारवाही गरिनेछ । ४) विदेश जानअघि अभिमुखिकरण वा इरडक्सन, तालिम अनिवार्य लिनुपर्छ । ५) विदेश जानअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, साथै एकप्रति आफ्नसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्टमै प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुढानगरमा सम्पर्क राख्नुहोला ।

Good Life International Employment Agency Nepal Pvt. Ltd.
Kathmandu-32, Koteshwor, Nepal, Tel. No.: 01-5100669, Mob: 9816909265, 9803007339, 9851056076, 9808811102 E-mail: info.goodlifenepal@gmail.com

निर्वाचन कार्यतालिका सार्वजनिक

उम्मेदवारी दर्ता माघ ६ गते

काठमाडौं/मस– निर्वाचन आयोग नेपालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यक्रम सार्वजनिक गरेको छ ।

आयोगको आइतबारको बैठकको निर्णयअनुसार फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम आयोगको वेवसाइट www.election.gov.np मा र नेपाल राजपत्रमा प्रकाशन गर्ने गरी सार्वजनिक गरिएको हो ।

पहिलो निर्वाचित हुने प्रणालीतर्फको निर्वाचन कार्यक्रम अनुसार २०८२ माघ ६ गते बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ भने सोही दिन बेलुका ५ बजेदेखि ७ बजेसम्ममा उम्मेदवारको सूची प्रकाशन हुनेछ।

मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म हुनेछ भने सोही दिनको दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्ममा मनोनयन पत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी माघ ८ गते बेलुका ५ बजेदेखि ७ बजेसम्ममा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ ।

माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १बजेसम्म उम्मेदवारको नाम फिर्ता लिन सकिनेछ भने सोही दिन दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ ।

यसैगरी समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम २०८२/०८/२० गतेदेखि सञ्चालन हुनेछ । सो कार्यक्रमअनुसार मंसिर २१ गते बिहान १० बजेदेखि २३ गते दिउँसो ४ बजेसम्म समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेस गर्ने, मंसिर २४ गते बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म निवेदन पेस गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने, पुस १३ र १४ गते बिहान १० बजेदेखि ४ बजेसम्म राजनीतिक दलहरूले उम्मेदवारको बन्द सूची पेस गर्ने र माघ २० गते बिहान १०बजेदेखि बेलुकी ५बजेसम्म उम्मेदवारको बन्द सूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ । स्वीकृत निर्वाचन कार्यक्रमअनुसार फागुन २१ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ ।

यसैबीच आयोगले माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनको निर्वाचन कार्यक्रम पनि सार्वजनिक गरेको छ । आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रमअनुसार आगामी पुस १९ गते बिहान १० बजेदेखि ११ बजेसम्म नामावली प्रकाशन, नामावलीमाथि दाबी विरोध तथा उजुरीमाथि छानबिन गरी पुस २२ गते दिउँसो ३ बजेदेखि ४ बजेसम्म अन्तिम नामावली प्रकाशन हुनेछ ।

बर्दियामा समावेशी शिक्षा तालिम

सन्तोष पौडेल/मध्यान्ह
बर्दिया, ३० कात्तिक

बर्दियामा सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूको लागि समावेशी शिक्षा तालिम सञ्चालन गरिएको छ । यो तालिम वास गेन्स परियोजना अन्तर्गत राष्ट्रिय अपाङ्ग महासंघ र वाटर एड नेपालको सहकार्यमा आयोजना गरिएको हो ।

तालिमको मुख्य उद्देश्य समावेशी शिक्षण प्रविधि, सर्वानुकूलित पहुँचयुक्त सिकाइ सामग्रीको प्रयोग, र विद्यालयलाई अपाङ्गमैत्री खानेपानी, सरसफाई र स्वच्छतामा सक्षम बनाउनु रहेको आयोजकले बताएको छ । तीन चरणमा सञ्चालन हुने तालिममा गुलरिया, मधुवन, ठाकुरबाबा, बारबर्दिया नगरपालिका तथा गेरुवा गाउँपालिकाका ३३ वटा आधारभूत र माध्यमिक विद्यालयका ९६ जना शिक्षक-शिक्षिकाहरू सहभागी छन् । तालिम शुक्रबार सुरु भएर आगामी बुधबारसम्म चल्नेछ ।

तालिममा सहभागीहरूलाई राष्ट्रिय शिक्षा नीति २०१९ र समावेशी शिक्षा नीति २०७६ का प्रावधानबारे जानकारी दिइनेछ ।

Thalara Rural Municipality
Office of Rural Municipal Executive
Kholi, Bajhang, Sudurpashchim Province, Nepal

Invitation for Electronic Bid for the Procurement Goods

Notice No.: 2082/83-32
Date of Publication: 2082/08/01 (November 17, 2025)

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures for the procurement of goods mentioned below:

IFB No.	Description & Location of Work	Estimated Amount With VAT (NRs)	Bid Security Amount (NRs)	Bid Document Fee (NRs)	Bid Security Validity Period (Days from Date of bid opening)
NCB/TRM/GOODS/05/2082-83	Procurement and Supply of Furniture for Educational Quality Improvement Program of Federal Government Special Grant Package-2	29,75,164.56	74,500/-	3,000/-	120 days

Purschase, Submission and Opening:

Contract	Last Date of Bid Submission		Bid Opening	
	Date	Time	Date	Time
Email: thalaramun@gmail.com Contact No.: 9843229890/9858420550	2082/09/02 (December 17, 2025)	12:00 Noon	2082/09/02 (December 17, 2025)	14:00 Noon

Bank Name & Address	Office Name	Revenue a/c Details (Antarik Rajaswa Khata)		Deposit a/c Details (Dharauti Khata)	
		Account Name	Account No.	Account Name	Account No.
Kumari Bank Ltd. Thalara Branch	Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang	THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1	1840102612300001	THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3	1840102612300016

- Tender document shall follow Public Procurement Act, 2063 (Latest Amendment), Public Procurement Regulation of Thalara Rural Municipality, 2076.
- Eligible bidders may refer complete set of Bid Document for further information at Office of Thalara Rural Municipality, Bajhang or PPMO's website www.bolpatra.gov.np/egp and bidders shall have the option of submitting their bids electronically only.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief Administrative Officer

शितगंगा नगरपालिकामा योजना सम्झौता अब वडा कार्यालयमै

सूर्यप्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, ३० कात्तिक

अर्घाखाँचीको शितगंगा नगरपालिकामा अब योजना सम्झौता गर्न पालिकाको कार्यालय धाउनु पर्दैन, सिधै वडा कार्यालयमै प्रक्रिया पूरा गर्न सकिने व्यवस्था लागु गरिएको छ । यसले स्थानीय बासिन्दालाई समय र भाडा खर्च बचत गर्ने सुविधा दिएको छ ।

स्थानीय रेसम बन्जाडेका अनुसार, अब वडा कार्यालयमै योजना सम्झौता गर्न सकिने भएपछि सेवा सहज भएको अनुभव भएको छ। नगरपालिकाले योजना सम्झौतासँगै उपभोक्ता समितिलाई विस्तृत प्रशिक्षण पनि प्रदान गरेको छ। प्रशिक्षणमा योजना अधिकृत नुमलाल खनालले गुणस्तरीय काम, लागत अनुमान र स्थानिय-प्राविधिक समन्वयका बारेमा व्यावहारिक सुझाव दिएका थिए ।

नगरपालिकाले आवश्यक फारम, सूचनापुस्तिका र मार्गदर्शन सामग्री उपभोक्ता समितिलाई वितरण गरेको छ। यसबाट नागरिकले आत्मविश्वासका साथ गुणस्तरीय सेवा पाउने व्यवस्था भएको छ।

उपभोक्ता समिति अभिमुखीकरण तथा योजना सम्झौता कार्यक्रम वडा अध्यक्ष केशव बेल्वासेको अध्यक्षतामा र प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। वडा अध्यक्ष बेल्वासेले कार्यान्वयन गुणस्तरीय बनाउन दक्ष श्रमशक्ति, स्पष्ट प्रक्रिया र समयमै अनुगमन आवश्यक भएको बताए ।

यस वर्ष ठेक्का तथा नियमित कार्यक्रम बाहेक १४ वटा योजना वडा नम्बर १० मार्फत सञ्चालनमा ल्याइने जानकारी दिइएको छ । वडास्तरमै योजना सुरु गर्न सकिने भएकाले समयमै काम सम्पन्न र गुणस्तर सुनिश्चित गर्न सजिलो हुने बताइएको छ ।

विद्यालयको कक्षाकोठामा एक व्यक्ति मृत फेला

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, ३० कात्तिक

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर १० मा एक युवा मृत फेला परेका छन् ।

सोही वडाको गारवाडस्थित भानुभक्त माविको पुरानो भवनको कक्षाकोठामा झुन्डिएको अवस्थामा एक व्यक्ति मृत फेला परेका प्रहरीले जनाएको छ ।

मृतक व्यक्ति सोही वडा निवासी २१ वर्षीय राजु नेपाली रहेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सूचना अधिकारी प्रहरी निरीक्षक हरिप्रसाद पुनले जानकारी दिए । नेपाली आफैंले लगाएको कपडा प्रयोग गरेर कक्षा कोठाको झ्यालमा झुन्डिएको अवस्थामा फेला परेको पुनले बताए । नेपालीले मदिरा सेवन गर्ने गरेको र मानसिक तनावका कारण आत्महत्या गरेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

मृतक नेपालीको शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल सल्ले पुऱ्याइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

Katahari Rural Municipality
Office of the Rural Municipal Executive
Katahari, Morang

Invitation for Bids

Date of publication: 17thNov, 2025

Katahari Rural Municipality, Katahari, Morang invites electronic bids from Nepalese eligible bidders for the following Works under National Competitive Bidding (NCB) Single Stage Envelope System Bidding Procedure. Bidders may obtain further information from the PPMO web portal website:www.bolpatra.gov.np/egp with Public Entity Name: Katahari Rural Municipality,Katahari, Morang .

Contract Id	Description of Work	Estimated Amount(Rs.) (Without VAT and Contingencies but including PS)	Bid Security Amount (Rs.)	Cost of bidding document (Rs.)	Deadline for Bid Submission	Deadline for Bid Opening
KRM/NCB/W/09/082/083	R.C.C Road Construction Work, Katahari 03	4646087.69	130000.0	3000.0	12:00 Hrs . On 17thDec,2025	14:00 Hrs. On 17th Dec,2025

Chief Administrative Officer

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिलगढी, डोटी

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/३०

यस कार्यालय अन्तर्गत तपशिल उल्लेखित खरिद कार्यका लागि सिलबन्दी दरभाउपत्र आह्वान गर्नु पर्ने भएकोले निम्न खरिद कार्यको लागि यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन २०८२/०८/१५ गतेको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यलयको वेवसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

S. N.	Contract No	Description of Work	Bid security	Cost of bidding document	Last date and time of bid submission
1	SQ/DSNP/WORKS/04/082/083	Khaptad Stadium Construction	37,500 /-	1,000/-	2082/08/15 BS (2025/12/01 AD.) 12:00PM
2	SQ/DSNP/WORKS/05/2082/083	Construction of Mashteshwar Aa.Bi	25,000/-	1,000/-	2082/08/15 BS (2025/12/01 AD.) 12:00PM

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

विधायिकी मनसाय नमरोस्

राज्य सञ्चालनमा नीतिगत काम गर्ने थलो संसद् हो । विधायकहरू कानुन बनाउनकै लागि जनताबाट चुनिन्छन् । नेपालले अवलम्बन गरेको शासन व्यवस्थामा विधायकमध्येबाटै सरकार बन्छ । तथापि व्यवस्थापिका र कार्यपालिकाका आआफ्नै सीमा छन् । कहिले व्यवस्थापिकाले समयमा ऐन नबनाइदिएको आरोप खेप्ने कहिले कार्यपालिकाले व्यवस्थापिकाको अधिकारक्षेत्र मिचेको भनेर आरोपप्रत्यारोप पनि चलिरहन्छ । एउटा उदाहरण हो- सरकारले अध्यादेश ल्याउने र ऐनमा रूपान्तरण गर्न नसक्ने वा नगर्ने प्रवृति । यही प्रवृतिले उठाएको प्रश्न थियो- अध्यादेशले विस्थापित गरेका प्रावधान अध्यादेश निष्क्रिय भएपछि के हुन्छ ? यसको जवाफ न व्यवस्थापिकाले कानुन बनाएर दियो न सरकारले अध्यादेश ल्याउँदा प्रश्न नउठ्ने वातावरण बनायो । यसै बेला सर्वोच्च अदालतले अध्यादेश निष्क्रिय भए साबिककै ऐन सक्रिय हुने व्याख्या गरिदिएको छ ।

२०७८ साल भदौमा नेकपा एमाले विभाजन गर्न सहज हुनेगरी तत्कालीन सरकारले अध्यादेशमार्फत राजनीतिक दलसम्बन्धी ऐन संशोधन गऱ्यो । केन्द्रीय समिति वा संसदीय दलमा २० प्रतिशत भए दल फुटाउन सकिनेगरी अध्यादेश आएपछि एमाले फुटेर एकीकृत समाजवादी बन्यो । तर सो अध्यादेश ऐनमा रूपान्तरित भएन । प्रचलित ऐनमा भएअनुसार केन्द्रीय समिति र संसदीय दलमा ४०/४० प्रतिशत भए दल विभाजन हुन सक्ने प्रावधान पनि सक्रिय हो वा होइन भन्ने निर्क्योल गरिएन । तथापि विभाजनको निवेदन लिएर निर्वाचन आयोग पुगे । लामो समयसम्म कानुनी शून्यता रहेको भनेर निर्वाचन आयोगले अध्यादेशअनुसार बनेको नियमावलीमा टेकेर सिके राउत नेतृत्वको जनमत विभाजन भएर बनेको दीपककुमार साहको नेतृत्वको जनस्वराज पार्टीलाई आधिकारिता दियो । त्यसविरूद्ध सर्वोच्च अदालतमा मुद्दा पऱ्यो । त्यसको सुनुवाइ गर्दै सर्वोच्च अदालतले नयाँ नजिर स्थापित हुने गरी अध्यादेश निष्क्रिय भए साबिककै ऐन सक्रिय हुने व्याख्या गरिदियो । यसमा लिइएको आधार हो- विधायिकी मनसाय । ऐन व्यवस्थापिकाले बनाएको हुन्छ । अध्यादेश सरकारले ल्याउने हो । सरकारले ल्याएको अध्यादेश ऐनमा रूपान्तरण हुन सक्दैन भने विधायकले बनाएको ऐन नै सक्रिय हुने अदालतको फैसलाले एउटा अन्योलता चिरेको छ । तर अध्यादेशको दुरूपयोग हुने कुरामा फेरि पनि व्याख्या भएको छैन । अर्थात् फेरि पनि सरकारले आफूले चाहेअनुसार अध्यादेश ल्याउने भयो । स्वार्थअनुकूलका काम अध्यादेश सक्रिय हुँदासम्म हुने भयो । यसकारण यो प्रवृतिमा लगाम लगाउन आवश्यक छ । तब मात्रै विधायिकी मनसाय जीवित भइराख्छ । यस निम्ति संसद् नरहेका बेला अध्यादेश ल्याउन पाउने र संसद्को अधिवेशन सुरू भएको दिन नै पेस गरेर अगाडि बढाउन उपयुक्त छ वा छैन भनेर संसदले निर्णय गर्ने व्यवस्था गर्न सकिन्छ । संसद्को निर्णय जे आउँछ त्यस आधारमा अध्यादेशअनुसार थप काम हुन्छ वा हुँदैन भन्ने निर्क्योल गर्न सकिन्छ । यससम्बन्धी थप व्याख्या सर्वोच्च अदालतले गरोस् र संसदले कानुन बनाओस् ।

रूपान्तरणको आवश्यकता र चुनौती

नेपालको भविष्यलाई उज्वल बनाउन राजनीतिक दलहरूको रूपान्तरण अनिवार्य छ । यसका लागि राजनीतिक दलहरूले जनताको विश्वास जित्ने कसम खाएर आफ्नो संरचना, कार्यशैली र नेतृत्वमा मौलिक परिवर्तन गर्नुपर्ने समय आएको छ ।

अग्रलेख

● चन्द्रबहादुर बस्याल

राजनीतिक दलहरू एक समाजका ऐतिहासिक र सांस्कृतिक अन्वेषक हुन् । तिनीहरूले समाजको रूपान्तरण, प्रजातान्त्रिक मूल्यहरूको रक्षा र जनताको अधिकारको रक्षा गर्न नेतृत्व प्रदान गर्ने जिम्मेवारी वहन गर्छन् । नेपालको सन्दर्भमा, दलहरूको इतिहास कुनै न कुनै प्रकारले जनताका अधिकार र स्वतन्त्रताको लडाइँसँग जोडिएको छ । चाहे त्यो राणाशासनको अन्त्यको लडाइँ होस्, पञ्चायती शासनबाट बहुदलीय प्रजातन्त्रको स्थापना होस्, १० वर्षको सशस्त्र युद्ध होस् वा २०६२/६३ को जनआन्दोलन होस्, राजनीतिक दलहरूले हरेक क्रान्तिमा प्रमुख भूमिका निर्वाह गरेका छन् । तर आजको नेपालको परिप्रेक्ष्यमा, दलहरूको कार्यशैली र नेतृत्वको भूमिका अनुकूल छैन ।

राजनीतिक दलहरूको मूल उद्देश्य जनताको सेवा र समाजको उन्नति गर्नु हो र यो जिम्मेवारीले दलहरूलाई केवल सत्ता प्राप्तिका लागि होइन, जनताको अपेक्षालाई सम्बोधन गर्न काम गर्न बाध्य बनाउँछ । प्रजातान्त्रिक प्रणालीमा दलहरूले जनताका प्रतिनिधिलाई चयन गर्ने र नेतृत्वमा पुऱ्याउने काम गर्छन् । यद्यपि आजको अवस्थामा दलहरूले आफ्नो भूमिका भुल्दै, केवल सत्ता र प्रभावको खेलमा मात्र अल्झिन पुगे । सत्ता परिवर्तनको नारा दिने दलहरू आफैं सत्तामा पुगेपछि, पूर्ववर्ती गलत अभ्यासलाई जारी राख्दै जनताका चासो र आवश्यकतासँग बेखबर बन्ने गरे । यसले केवल लोकतन्त्रलाई मात्रै कमजोर बनाएन साथै आमजनताको विश्वास पनि खण्डित गऱ्यो ।

जसमा चाहे २००७ सालको क्रान्तिको नेतृत्व गरेको नेपाली कांग्रेस होस् वा झापा आन्दोलन हुँदै अगाडि आएको एमाले होस् वा १० वर्षसम्म सशस्त्र युद्ध लडेर आएको माओवादी होस्, कसैको शैली र प्रवृत्ति फरक भएन । उनीहरूले सत्तामा जानुअघि जे-जस्ता नारा दिए, सत्तामा पुगेपछि ती नाराविरुद्ध नै उनीहरू उभिए । किसान र मजदुरका नारा सबैका साझा नारा हुने गरेको पाइन्छ । स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाका विषय पनि सबैको नारा भइरहेका छन् । तर जब दलहरू सत्तामा पुगे तब ती आफ्नै नारा बिर्सिए । सबैभन्दा बिडम्बनाको विषय, उनीहरू ती नाराविरुद्ध नै उभिए । आज शिक्षा र स्वास्थ्य सरकारी हुनुपर्छ भन्ने नेताहरू नै निजी संस्था खोल्न लागि परे । जसलाई व्यापारको अंश बनाए ।

सँगै, पार्टीहरूभित्रै लोकतन्त्रको संकट उत्पन्न हुने अवस्था बन्यो । पार्टीहरूको संरचनामा, एकतावाद र शक्ति केन्द्रीकरणको प्रवृत्ति बढेको छ । लामो समयसम्म नेतृत्वमा रहेका पुराना नेतृत्वका सदस्यले आफूलाई दलको एक मात्र विकल्पका रूपमा प्रस्तुत गरे । यति मात्र होइन, परिवारवाद र व्यक्तिगत स्वार्थले दलहरूको आन्तरिक प्रजातान्त्रिक अभ्यासलाई मन्द बनाएको छ । राजनीतिक दलमा रहेका सीमित व्यक्ति र सिन्डिकेट राजनीतिक निर्णयहरूलाई आफ्नो स्वार्थअनुसार प्रभावित पार्दै छन् । यसले दलका अन्य सदस्यलाई रचनात्मक सहभागिता गर्ने अवसरबाट वञ्चित बनाइरहेको छ ।

भ्रष्टाचार र सत्ताको दुरुपयोग नेपाली राजनीतिको दुःखद वास्तविकता हो । राजनीतिक दलहरूले भ्रष्टाचारको विरुद्ध कुनै निर्णायक कदम चाल्नुको सट्टा त्यसलाई अँगालेर आन्तरिक शक्ति संगठनहरूलाई प्रवर्धन गरिरहे । दलका स्थानीयस्तरका समितिहरूबाट लिएर केन्द्रीय नेतृत्वसम्म भ्रष्टाचारको गन्ध फैलिरहेको छ । यसै कारणले गर्दा, जनतामा राजनीति र राजनीतिक दलहरूको प्रति वितृष्णा बढिरहेको छ । जेनजी आन्दोलनजस्ता जनआन्दोलनहरूले दलहरूको वास्तविकता उजागर गर्दै, पार्टीहरूको रूपान्तरणको आवश्यकता पोखेका छन् ।

जेनजी आन्दोलनका कारण, राजनीतिक दलहरूको संरचना र कार्यशैलीको पुनः मूल्यांकन आवश्यक भएको छ । जेनजी आन्दोलनले नयाँ पुस्ताको जनचेतनालाई जगाएको छ र जनतामा भएको असन्तुष्टिलाई एक साझा आवाजमा परिणत गरेको छ । यो आन्दोलनसँगै नेपाली राजनीतिमा आमूल परिवर्तनको आवश्यकता स्पष्ट भएको छ । यस परिवर्तनको मुख्य आधार भनेको दलभित्रको आन्तरिक लोकतन्त्रको सुदृढीकरण र पारदर्शिता हुनुपर्छ । जब दलका सदस्यहरू आफ्ना नेताहरूसँग खुला संवाद र निर्णय प्रक्रियामा सहभागी हुन्छन्, मात्र दल सही अर्थमा जनताको सेवा गर्न सक्षम हुनेछ ।

राजनीतिक दलहरूले केवल आफ्नो नेतृत्वको स्थायित्वका लागि होइन, समाजका हरेक वर्गका चासो र समस्यालाई सम्बोधन गर्न जिम्मेवारी लिनुपर्ने अवस्था आएको छ । यसका लागि दलहरूले आफूलाई रूपान्तरण गर्नु आवश्यक छ । दलहरूले आफ्नो नेतृत्वमा फेरबदल गर्न, नयाँ पुस्तालाई नेतृत्व दिने र पारिवारिक राजनीतिका प्रभावलाई समाप्त गर्न अग्रसर हुनुपर्छ । शीर्ष नेतृत्वले नयाँ पुस्ताका लागि मार्गप्रशस्त गर्नुपर्ने समय आएको छ । आफ्नो सत्ताका लागि सत्ता सँगै जिउने सोच र अभ्यास बदल्नुपर्छ ।

नेपालमा राजनीति साँचो अर्थमा समाजसेवाका रूपमा स्थापित गर्न दलहरूले गम्भीर कदम चाल्नुपर्नेछ । सबै दलहरूले आफ्ना संरचनामा र नेतृत्वमा परिवर्तन ल्याउने तरिका सोच्नुपर्नेछ । यसका लागि दलहरूले

> *भ्रष्टाचार र सत्ताको दुरूपयोग नेपाली राजनीतिको दुःखद वास्तविकता हो । राजनीतिक दलहरूले भ्रष्टाचारविरूद्ध कुनै निर्णायक कदम चाल्नुको सट्टा त्यसलाई अँगालेर आन्तरिक शक्ति संगठनहरूलाई प्रवर्धन गरिरहे । दलका स्थानीयस्तरका समितिहरूबाट लिएर केन्द्रीय नेतृत्वसम्म भ्रष्टाचारको गन्ध फैलिरहेको छ ।*

आफ्नो नेतृत्वको आदर्श र कार्यशैलीमा नैतिकता र कानुनी उत्तरदायित्वका लागि अझ बढी ध्यान दिनु आवश्यक छ । केवल व्यक्तिगत शक्ति र प्रभावको खेलबाट बाहिर निस्केर, दलहरूले समग्र देशको हितमा ध्यान केन्द्रित गर्नुपर्नेछ । यसरी, जनतामा उत्पन्न भएको आक्रोश र असन्तोषलाई सकारात्मक परिवर्तनका अवसरमा परिणत गर्न सकिन्छ ।

